NEPALI

श्री Diijon DaCosta Sr., समितिका अध्यक्ष
सुश्री Deirdre P. Pierce, उपाध्यक्ष
श्रीमती Anna Hill
श्रीमती Whitney McGinniss
सुश्री Allyson Gevertz
श्रीमती Vickie B. Turner
डा. Joyce Morley

DeKalb County
School District

डा. Devon Horton, सुपरिन्टेन्डेन्ट

शुक्रवार, सेप्टेम्बर 08, 2023

आदरणीय DeKalb County School District समुदाय,

हाम्रो विद्यालय समुदाय भित्र घटेको अर्को विनाशकारी क्षतिको बारेमा जानकारी गराउन यो हप्ता दोस्रो पटक तपाईंलाई पत्र लेख्नु परेकोमा म अत्यन्तै दुःखी छु। यसअघि दुःखद सवारी दुर्घटनाका कारण Lakeside High School का तीन विद्यार्थीको असामयिक निधन भएकोमा हामी शोकमा परेका थियौं। र अहिले, असुरक्षित हतियारसम्बन्धी घटनाका कारण हामीले Rock Chapel Elementary का कलिला विद्यार्थी गुमाएका छौं।

यी क्षतिहरूले हाम्रो मानवताको भावनाको मूल भागमा प्रहार गर्दछ, र यस्तो अवस्थामा अत्याधिक दुःख महसुस हुनु स्वाभाविक हो। डिस्ट्रिक्टको रूपमा, हामी सानै उमेरमा हामीलाई छोडेर गएकाहरूको परिवारहरू तथा साथीहरूलाई निरन्तर रूपमा हार्दिक समवेदना तथा समर्पित सहयग प्रदान गर्छौं। एक बुबाको रूपमा, म उनीहरूलाई आफ्नो मन तथा दुआमा राखिरहन्छु, आशा छ कि यी अकल्पनीय त्रासदीहरूको बीचमा सामान्य अवस्थामा फर्किन सकिन्छ।

एक कोरियाली उखानले यस्ता क्षणहरूको बारेमा कुरा गर्छ: "*जब बच्चाको मृत्यु हुन्छ, तपाईंले बच्चालाई सदाको लागि आफ्नो हृदयमा राख्नुहुन्छ* ।" यस हप्ता हामीले गुमाएका विद्यार्थीहरू सधैँ DeKalb County School District को समृद्ध इतिहासको एक हिस्सा बन्ने छन्। हाम्रो एकता र सहन क्षमता मार्फत, हामी गुमेका यी बहुमूल्य आत्माहरूको सम्झनालाई सम्मान गर्ने तरिकाहरू फेला पार्नेछौं, र उनीहरूको विरासत उक्त शक्तिको रूपमा जीवित रहन्छ जुन हामी एक-अर्काबाट प्राप्त गर्छौं भनेर सुनिश्चित गर्छौं।

Rock Chapel Elementary तथा Lakeside High Schools का विद्यार्थीहरू तथा कर्मचारीहरू, कृपया थाहा पाउनुहोस् कि हामी सधैँ तपाईंलाई सहयोग गर्न तयार छौं। शोक एक गहन खालको व्यक्तिगत यात्रा हो, र हामी तपाईंलाई सामान्य अवस्थामा फर्कन आवश्यक पर्ने सहयोग प्रदान गर्न प्रतिबद्ध छौं। यस हप्ताभरि, शोक विशेषज्ञहरूले अथक र साहसका साथ परामर्श र सहायता सेवाहरूमा सहयोग गर्दै आएका छन्, जुन आवश्यक परेसम्म जारी रहनेछ।

DeKalb County School District 92,000 विद्यार्थीहरू, 14,000 कर्मचारीहरू, अनगिन्ती परिवार सदस्यहरू, र सरोकारवालाहरूको अन्तरसम्बन्धित समुदाय हो। दुःखद घटना घट्दा हामी शोकमा हुन्छौं किनभने हामी सच्चा सहानुभूति र परोपकारको विशेषता भएको समुदाय हौं। सँगै, हामी हाम्रो वास्तविक सहानुभूति, अटुट समर्थन, र करुणामय मार्गदर्शन प्रदान गरेर गुमेका प्रियजनहरूलाई सम्मान गर्छौं।

म तपाईंलाई प्रोत्साहित गर्छु कि आफूले माया गरेका व्यक्तिहरूलाई थाहा दिनुहोस् कि तपाईं उनीहरूको बारेमा कस्तो महसुस गर्नुहुन्छ। मलाई थाहा छ म गर्नेछु।

गहिरो सहानुभूति र अटुट समर्थन सहित,

Devon Q. Horton

डा. Devon Q. Horton, *सुपरिन्टेन्डेन्ट*
DeKalb County School District